लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, प्रदेश नं. २, नेपाल

## विभिन्न बजार ठेक्कासंग सम्वन्धित सूचना ।

सूचना प्रकाशित मिति : २०७७/०४/१९

स्थानीय सरकार संचालन ऐन, २०७४ र लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७७ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८ का लागि ठेक्का बन्दोवस्त गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)औं दिन भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्रहरू १६(सोह्र)औं दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन मिति २०७७/०४/१८ गतेको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ९ | गुदरी वजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | ८,००,०००।०० | १०००।- | |
| आ.आ. १० | कवाडी संकलन तथा निकासी | लालबन्दी नगरपालिका क्षेत्र | ४,००,०००।०० | १०००।- | |

शर्तहरू

१. ठेक्का अवधि २०७७ को बाँकी अवधी देखि २०७८ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कवोल गरेको अंकको नेपाली नागरिक/फर्म भए ५% र विदेशी नागरिक/फर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित धरौटी खाता नम्बर १२८००३०३०००००२ मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट रकम बुझाउनुपर्नेछ । सो को आधारमा सम्झौता गरिनेछ । उक्त एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरूको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

७. जुन व्यक्ति वा फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि बोल पत्र दाखिला गरेको हो स्पष्ट रूपले खुलाउनु पर्नेछ । साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्काहरू मध्ये सवै वा छुट्टा छुट्टै रूपमा बोलपत्र पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको बोलपत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र १ र २ नं. वडा कार्यालय, नेत्रगंजबाट बोलपत्र फाराम खरिद गरी १६औं दिनको मध्यान्ह १२:०० वजे भित्र सोही स्थानहरूमा दर्ता गराउन सकिनेछ र सोही दिनको ०२:००वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन ।

१०. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

-प्रमुख प्रशासकीय अधिकृत